# स्थानीय तह निर्वाचन (आर्थिक) (पहिलो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मितिः २०७४।१।१७

स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (आर्थिक) (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ को दफा ८ मा संशोधन** : स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) निर्वाचन अधिकृतलाई नियुक्ति पाएको मितिदेखि र दफा ४ को उपदफा (१) र (३) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मितिदेखि दफा ४ को उपदफा (९) मा उल्लिखित अवधिसम्म निजले खाइपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता बापत भुक्तानी दिइनेछ । त्यसरी भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ४ को उपदफा (१) र (३) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिएका निर्वाचन अधिकृत लगायतका अधिकृतस्तरका कर्मचारीलाई दैनिक सात सय रुपैयाँ र अन्य सहायकस्तरका कर्मचारीलाई दैनिक पाँच सय रुपैयाँका दरले कार्यालयमा हाजिर भएको दिनको खाना खाजा खर्च उपलब्ध गराइनेछ । त्यसरी खाना खाजा खर्च रकम भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।"

३. **मूल निर्देशिकाको दफा १९ मा संशोधन**ः मूल निर्देशिकाको दफा १९ को,-

(१) उपदफा (१) मा रहेका "र प्रति सिफ्ट कम्तीमा दुई हजार थान" भन्ने शब्दहरुको सट्टा "उपदफा (३क) मा तोकिए बमोजिमको संख्यामा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) निर्वाचन अधिकृतले गणना गर्नुपर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकै समयमा दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गर्न सक्नेछ । त्यसरी मतगणना टोली परिचालन गर्दा मतगणना कार्यको

लागि आवश्यक पर्ने गुन्द्री, कार्पेट, चकटी जस्ता सामग्री तथा बत्ती, पानी जस्ता सुविधाको व्यवस्थाको लागि देहाय बमोजिमको रकम उपलब्ध गराइने छः-

(क) महानगरपालिका वा उपमहानगरपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयको लागि बीस हजार रुपैयाँ,

(ख) नगरपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयका लागि अठार हजार रुपैयाँ,

(ग) गाउँपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयको लागि पन्ध्र हजार रुपैयाँ ।"

(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (१) बमोजिमको मतगणना टोलीले मतगणना गर्दा एक सिफ्टमा कम्तीमा देहाय बमोजिमको संख्यामा मतगणना गर्नु पर्नेछः-

(क) अठार र बाईस लहरका मतपत्र आठ सय थान,

(ख) अट्ठाईस र छत्तीस लहरका मतपत्र सात सय थान,

(ग) चौवालीस लहरको मतपत्र छ सय थान,

(घ) अठ्सठ्ठी लहरको मतपत्र पाँच सय थान ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (३क) बमोजिमको संख्यामा मतगणना गर्ने कर्मचारीलाई प्रति सिफ्ट देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ :-

(क) प्रमुख मतगणना अधिकारीलाई एक हजार रुपैयाँ,

(ख) मतगणना अधिकारीलाई आठ सय रुपैयाँ,

(ग) सुपरीवेक्षकलाई सात सय रुपैयाँ,

(घ) गणक तीन जनालाई प्रति व्यक्ति सात सय रुपैयाँ,

(ङ) सहयोगीलाई पाँच सय रुपैयाँ ।"

(५) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) मतगणना कार्यमा एकै सिफ्टमा एकभन्दा बढी टोली परिचालन गरिएकोमा निर्वाचन अधिकृत (प्रमुख मतगणना अधिकारी) लाई प्रति टोली पाँच सय रुपैयाँका दरले थप रकम दिइनेछ ।"

(६) उपदफा (६) मा रहेको "चियापानका" भन्ने शब्दको सट्टा "चिया तथा खाना खर्चका" भन्ने शब्दहरु र "एक हजार पाँचसय" भन्ने शब्दहरुको सट्टा "पाँच हजार" भन्ने शब्दहरु राखिएका छन् ।

(७) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) निर्वाचन अधिकृतको कार्यालय रहेको स्थानबाट दश किलोमिटर वा सोभन्दा टाढा रहेको कार्यालयबाट आई वा अन्य जिल्लाको कार्यालयबाट आई मतगणना कार्यमा खटिने कर्मचारीलाई मतगणनास्थलसम्म आउँदा जाँदाको र मतगणना कार्यमा खटिएको अवधिको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक तथा भ्रमण खर्च समेत भुक्तानी दिइनेछ ।"

(८) उपदफा (९) पछि देहायको उपदफा (१०) र (११) थपिएका छन्:-

"(१०) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि दफा ४ को उपदफा (९) मा उल्लिखित अवधिसम्म भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (६) र (६ख) बमोजिम दैनिक भत्ता पाउनेछ । त्यसरी दैनिक भत्ता पाउने कर्मचारीले सो अवधिमा दफा ८ को उपदफा (१क) बमोजिम  खाना खाजा खर्च पाउने छैन ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफू कार्यरत स्थानमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा खटिएका निर्वाचन अधिकृत र अन्य कर्मचारीले त्यसरी खटिए बापत भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भत्ता पाउने छैनन् । त्यसरी दैनिक भत्ता नपाउने निर्वाचन अधिकृत र अन्य कर्मचारीले दफा ८ को उपदफा (१क) बमोजिम खाना खाजा खर्च पाउने छन् ।"

४. **मूल निर्देशिकाको दफा २० मा संशोधनः** मूल निर्देशिकाको दफा २० को उपदफा (३) मा रहेका "जिल्ला निर्वाचन कार्यालयले" भन्ने शब्दहरुको सट्टा "मुख्य निर्वाचन अधिकृतको कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल निर्देशिकाको दफा २७ मा संशोधनः** मूल निर्देशिकाको उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आफ्नो क्षेत्रको मतदान केन्द्रहरुको अनुगमन तथा निरीक्षण गर्दा क्रमशः एकमुष्ठ  पाँच  हजार रुपैयाँ र तीन हजार रुपैयाँ खर्च गर्न सक्नेछ ।"

६. **मूल निर्देशिकाको अनुसूचीमा संशोधन**ः मूल निर्देशिकाको अनुसूची-१ को,-

(१) क्रमसंख्या ३ अन्तरगतको ३.२ को सि.नं.४ मा रहेको "२६(२)" भन्ने अंकको सट्टा "२६ (३)" भन्ने अङ्क राखिएको छ ।

(२) क्रमसंख्या ३ को अन्त्यमा रहेका "द्रष्टव्यः- सि. नं १, २, ३ को हकमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार नै हुनेछ ।" भन्ने शब्दहरु झिकिएका छन् ।